# कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८२ साल भदौ महिना १३ गते शुक्रबार)

यस विकास बैंकको विभिन्न शाखा कार्यालयहरुबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अन्र्तगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा सम्पर्क राखी संस्थाबाट लिएको कर्जाको सम्पूर्ण सावां, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान गर्नु होला । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा तपाई तथा तपाईको एकाघरसंगोलका अंशियार सदस्यहरुको नाममा रहेको चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएका अधिकार प्रयोग गरी लिलाम बिक्री गरी संस्थाले आफ्नो सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा अवगत गराउंदछौं । सो मार्फत पनि संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्था ऋण असूली ऐन २०५८ र सोको नियमावली तथा प्रचलित कानून अनुसार ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बांकी साँवा, ब्याज हर्जाना तथा अन्य दै दस्तुर असूल उपरका लागि अन्य कानूनी प्रकृया अगाडी बढाईने व्यहोरा ऋणी तथा धनजमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यो सूचना मार्फत सूचित गरिन्छ । साथै उक्त अवधि भित्र कर्जा चुक्ता नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ११ अनुसार ऋणी र व्यक्तिगत धनजमानीकर्ताको तीन पुस्ते विवरण कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा नाम समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपशिल**

**१) शाखा कार्यालय : ईटहरी शाखा** **कर्जा शीर्षक : साधारण कर्जा**

| **ऋणीको विवरण** |
|---|
| तिर्थ बहादुर सार्कीको छोरी छत्र बहादुर नेपालीको बुहारी दिपेश कुमार सार्कीको पत्नी भोजपुर जिल्ला हसनपुर वडा नं. ५ हाल, सुनसरी जिल्ला धरान उ.म.न.पा. वडा नं. ११ बस्ने **चिजा सार्की** (ना.प्र.नं. : ०९३०५५/१७७ जारी मिति र जिल्ला : २०६३/१०/१३, भोजपुर) |
| **व्यक्तिगत धनजमानीकर्ताको विवरण** |
| धिर्ज बहादुर नेपालीको नाति छत्र बहादुर नेपालीको छोरा धनकुटा जिल्ला सागुरीगढी गा.पा. वडा नं. १० हाल, सुनसरी जिल्ला धरान उ.म.न.पा. वडा नं. ११ बस्ने **दिपेश कुमार सार्की** (ना.प्र.नं. : ०७३०१२-३२२ जारी मिति र जिल्ला : २०७०/०१/२५, धनकुटा) |

**२) शाखा कार्यालय : विराटनगर शाखा** **कर्जा शीर्षक : साधारण कर्जा**

| **ऋणीको विवरण** |
|---|
| सोभी चौधरीको बुहारी रामेश्वर चौधरीको पत्नी सप्तरी जिल्ला कमलपुर वडा नं. ८ हाल, मोरङ्ग जिल्ला विराटनगर म.न.पा. वडा नं. १० बस्ने **आशा देवी चौधरी** (ना.प्र.नं. : ७५६२२५१५ जारी मिति र जिल्ला : २०५२/०१/१७, सप्तरी) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) नथर चौधरीको नाति सोभी चौधरीको छोरा सप्तरी जिल्ला बसवलपुर गा.वि.स. वडा नं. ८ हाल, मोरङ्ग जिल्ला विराटनगर म.न.पा. वडा नं. १० बस्ने **रामेश्वर चौधरी** (ना.प्र.नं. : ७७६२२६५१ जारी मिति र जिल्ला : २०४०/११/२९, सप्तरी) |
| २) हिरा प्रसाद चौधरीको छोरी जीतन चौधरीको बुहारी भिखन चौधरीको पत्नी सप्तरी जिल्ला मल्हनिया वडा नं. ६ हाल, मोरङ्ग जिल्ला विराटनगर म.न.पा. वडा नं. १० बस्ने **पुनम कुमारी चौधरी** (ना.प्र.नं. : १६१०९८/४५८ जारी मिति र जिल्ला : २०६८/१२/०५, सप्तरी) |

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

# मुक्तिनाथ विकास बैंक लि.
# MUKTINATH BIKAS BANK LTD.

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

**Central Office:** Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999,
Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

**जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ**